annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २४, अंक १९ पृष्ठ १० | काठमाडौं, सोमबार ५ जेठ २०८२ | जेष्ठ कृष्णपक्ष सप्तमी नेपाल संवत् ११४५ | MONDAY, MAY 19, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# ठूला पूर्वाधारको प्रगतिमा प्रश्नै प्रश्न

## बेथिति हटाउन सरकारी संयन्त्र मौन

नेपालका पूर्वाधार परियोजनाहरूमा बढी लागत, निर्माणमा ढिलाइ र ठेक्का नलाग्ने समस्या छन् । सरकारले राष्ट्रिय गौरवका योजनाहरूलाई प्राथमिकता दिए पनि वास्तविक प्रगति सन्तोषजनक छैन । महालेखा परीक्षकको पछिल्लो प्रतिवेदनले निर्माणमा भएको ढिलाइ र पटक-पटक म्याद थप्ने परिपाटीलाई औंल्याएको छ । यसले सरकारी अनुगमनको कमी र गैरजिम्मेवारीपन झल्काउँछ । ठेक्का लगाइसकेपछि सरकारले आफ्नो काम सक्कियो जस्तै गरी सहयोग नगर्ने परिपाटी छ । त्यस्तै अस्थिर सरकार र सरकार परिवर्तनपिच्छे परिवर्तन भइरहने कर्मचारीले गर्दा पनि ठूला आयोजना निर्माणमा असर परेको देखिन्छ ।


समाचार पृष्ठ २

**सुनिता कार्की** | *काठमाडौं*

- को रिपोर्ट

राष्ट्रिय गौरवका आयोजनाहरूको भौतिक प्रगति

| आयोजनाको नाम | सुरु वर्ष | सम्पन्न हुने | भौतिक प्रगति |
|---|---|---|---|
| पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजना | २०६४/६५ | २०८५/८५ | ७७.३२ |
| मेट्रो रेल तथा मोनो रेल विकास | २०६५/६६ | नखुलेको | नखुलेको |
| कर्णाली करिडोर (खुलालु-हिल्सा-सिमिकोट-सलिसल्ला) | २०६९/७० | २०८४/८५ | २२.६ |
| कोशी कोरिडोर (खाँदबारीदेखि किमाथांका) | २०६५/६६ | २०८५/८६ | ३५.०० |
| कालीगण्डकी कोरिडोर (गैंडाकोट कोरला सडक) | २०६६/६७ | २०८३।८४ | ७१.३६ |
| हुलाकी लोकमार्ग आयोजना | २०६६/६७ | २०८३।८४ | ६६.९१ |
| रानीजमरा कुलरिया सिँचाइ आयोजना | २०६७/६८ | २०८०।८१ | ७४.७२ |
| सिक्टा सिँचाइ आयोजना | २०६१/६२ | २०८९।९० | ४१.७९ |
| बबई सिँचाइ आयोजना | २०४५।४६ | २०८२।८३ | ७२.२२ |
| महाकाली सिँचाइ आयोजना | २०६३।६४ | २०८७।८८ | २२.१८ |
| भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना (भेरी करिडोर सिँचाइबाहेक) | २०६८।६९ | २०८४।८५ | ६५ |
| बूढीगण्डकी जलविद्युत् आयोजना | २०६९।७० | २०८३।८४ | नखुलेको |
| सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना | २०७३।७४ | २०८५।८६ | ३४.४ |
| माथिल्लो तामाकोशी जलविद्युत् आयोजना | २०६७/६८ | सम्पन्न | सम्पन्न |
| पश्चिम सेती जलविद्युत् आयोजना | सन् २०२५ | सन् २०२५ | नखुलेको |
| पशुपति क्षेत्र विकास कोष | २०७०।७१ | निरन्तर | नखुलेको |
| लुम्बिनी विकास कोष | २०६९।७० | २०८३।८४ | ८८ |
| पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल | २०७४।७५ | २०७९।८० | ९९.६० |
| निजगढ अन्तर्राष्ट्रिय विमानस्थल | २०७१।७२ | २०८५/८६ | सुरु नभएको |
| गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल | २०७१।७२ | २०७८।७९ | सम्पन्न |
| मेलम्बी खानेपानी आयोजना (दोस्रो चरणसमेत) | २०५५।५६ | २०८५।८६ | पहिलो चरण ९९ र दोस्रो चरण ८.६७ |
| काठमाडौं तराई मधेस द्रुतमार्ग | २०६४/६५ | २०८३।८४ | ३५.३८ |
| राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समिति | २०७१।७२ | २०९३।९४ | मापन नगरिएको |
| विद्युत् प्रसारण आयोजना (डलर मिलियन) | २०७४।७५ | २०८५।८६ | नखुलेको |
| मूलपानी क्रिकेट एकेडमी तथा रंगशाला | २०८०।८१ | नखुलेको | नखुलेको |
| गिरिजाप्रसाद कोइराला क्रिकेट रंगशाला | २०८०।८१ | २०८५।८६ | नखुलेको |
| गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला | २०८०।८१ | नखुलेको | नखुलेको |




## विद्यालय शिक्षा विधेयक प्रतिवेदन समितिमा बुझाइयो

**ममता थापा** | *काठमाडौं*

लामो समयदेखि विवादित बन्दै आएको विद्यालय शिक्षा विधेयक प्रतिवेदन बल्ल अघि सारिएको छ। उक्त विधेयकमा सहमति जुटाउन गठित उपसमितिले शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिलाई आइतबार प्रतिवेदन बुझाएको हो। करिब ४५ दिनभित्र तयार पारी उपसमिति संयोजक छविलाल विश्वकर्माले समिति सभापति अम्बरबहादुर थापालाई प्रतिवेदन हस्तान्तरण गरेका हुन्। प्रतिवेदन दिने क्रममा उपसमिति संयोजक विश्वकर्माले प्रस्तावित विधेयकको विभिन्न १५ वटा परिच्छेद, १ सय ६३ वटा दफामाथि छलफल गरिएको जानकारी दिए।

यससँगै अन्ततः उपसमितिले १ सय ८ बुँदाको प्रतिवेदन तयार गरेको उनले जनाए। 'विद्यालय शिक्षा विधेयकमा १ सय १ दफामा परिमार्जन गरिएको छ। साथै, १३ वटा नयाँ दफा थपिएको छ भने भएका ४ दफालाई हटाइएको छ। बाँकी ६२ वटा दफालाई सरकारले प्रस्ताव गरेअनुरूप तयार पारिएको हो,' उपसमिति संयोजक विश्वकर्माले भने।

» बाँकी पृष्ठ ७

## सरकारी अनुदानबाट माछापोखरी, पौने ५७ करोड भ्रष्टाचार

भरत ताल भ्रष्टाचार प्रकरण



**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

माछा नभएको ठाउँमा माछापोखरी निर्माण गरी संघीय र प्रदेश सरकारबाट प्राप्त करोडौं अनुदान दुरुपयोग गरी भ्रष्टाचार गरेको तथ्य बाहिर आएको छ। मधेस प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री (अर्थमन्त्री) विजयकुमार र बागमती नगरपालिकामा नगरप्रमुख भरतकुमार थापासहितको मिलोमतोमा भरत ताल निर्माणमा झन्डै पौने ५७ करोडको भ्रष्टाचार भएको देखिएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मधेस प्रदेश अर्थमन्त्री विजयकुमार र बागमतीका नगरप्रमुख थापासहित ८ जनालाई विशेष अदालतमा मुद्दा दायर गरेको छ। ५६ करोड ७१ लाख ७ हजार २९२ भ्रष्टाचार भएको भन्दै प्रतिवादीलाई फरकफारक बिगो राखेर मुद्दा चलाइएको छ। अख्तियारले आर्थिक मामिला तथा योजनामन्त्री विजयकुमारविरुद्ध २९ करोड ९९ लाख ७६ करोड १३५ बिगोसहित भ्रष्टाचार निवारण ऐनबमोजिम कैद जरिवानाको मागदाबी गरेको छ। मेयर थापा, उपमयेर लीलाकुमारी मुक्तान, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विनयकुमार पोखरेल र लेखा अधिकृत विश्वराज पोखरेलविरुद्ध ५६ करोड ७१ लख ७ हजार २९२ बिगोसहितको सजाय मागदाबी गरिएको छ।

मधेस प्रदेशको अर्थ मन्त्रालयका तत्कालिन कानुन अधिकृत गोकुल भुजेल २९ करोड ९९ लाख ७६ करोड १३५ बिगो कायम गर्दै भ्रष्टाचार निवारण ऐनबमोजिम कैद सजायको मागदाबी आरोप पत्रमा उल्लेख छ। बागमती नगरपालिका तत्कालीन इन्जिनियर निरन्जन लामिछानेलाई १० करोड १४ लाख ९५ हजार तोकिएको छ।

» बाँकी पृष्ठ ६

## सीमा क्षेत्रमा अन्य विदेशीका गतिविधि, सुरक्षा सतर्कता बढाइयो

**मनिका झा** | *जनकपुरधाम*

भारतसँग खुला सीमा जोडिएका मधेसका ८ जिल्लामा पछिल्लो समय विदेशी नागरिकका शंकास्पद गतिविधि देखिन थालेपछि सुरक्षा निकायले सतर्कता बढाएको छ। मधेसका सीमावर्ती जिल्लाबाट भारत प्रवेश गर्न र भारतबाट आउन सयौं बाटा रहेकाले सुरक्षा संवेदनशीलता बढेको सुरक्षा निकायहरू बताउँछन्। सीमानाकामा भएका गाउँहरूमा विदेशी अनुहार भएका वा शंकास्पद व्यक्ति देख्नेबित्तिकै प्रहरीमा खबर गर्न प्रहरीले स्थानीयलाई सचेत गराउन थालेको छ।

पछिल्लो पटक भारत र पाकिस्तानबीच तनाव र भारतको पहलगावमा भएको आतंकवादी आक्रमणपछि नेपालको भूमि प्रयोग गरेर छिमेकी देशमा हुन सक्ने आपराधिक गतिविधिलाई नियन्त्रण गर्न नेपाली सुरक्षा निकायले विशेष सर्तकता अपनाएको हो।

शुक्रबार मात्रै सिरहाको बरियारपट्टी गाउँपालिका ३ स्थित नेपाल-भारत सीमा क्षेत्रबाट एक चिनियाँ नागरिकलाई भारतीय सशस्त्र सीमा बल (एसएसबी) ले पक्राउ गरेको थियो। एसएसबीले चिनियाँ नागरिक सिचाओलाई पक्राउ गरी भारत लगेको हो। ती चिनियाँ नागरिकसँगै दुई नेपाली नागरिकलाई पनि एसएसबीले पक्राउ गरेको थियो तर, नेपालीलाई भने फिर्ता पठाइएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ। पक्राउ परेका चिनियाँ नागरिक यू सिचाओ तीन महिनाका लागि नेपाल आएको उनको पासपोर्टबाट खुल्न आएको भए पनि उनी सीमा क्षेत्रमा शंकास्पद गतिविधिमा लागेको देखिएपछि उनलाई नियन्त्रणमा लिइएको भारतीय पक्षको दाबी छ।

> भारत र पाकिस्तानबीच तनाव र भारतको पहलगावमा भएको आतंकवादी आक्रमणपछि नेपालको भूमि प्रयोग गरेर छिमेकी देशमा हुन सक्ने अपराधिक गतिविधिलाई नियन्त्रण गर्न नेपाली सुरक्षा निकायले विशेष सर्तकता अपनाएको हो ।

यस्तै, गत साता मात्रै सप्तरीको हनुमान नगर कंकालिनी नगरपालिका भारदहमा बस्दै आएका ६ जना बंगलादेशी जमातीहरूलाई शंकास्पद क्रियाकलाप गरेको आशंकामा प्रहरीले नियन्त्रणमा लिएर काठमाडौं पठाएको थियो। त्यसैगरी सिरहाको गोलबजारको एक मस्जिदमा बस्दै आएका ६ जना बंगलादेशी जमाती नागरिकलाई पनि निगरानीमा राखिएको सुरक्षा निकाय स्रोतले बतायो।

गत साता मात्रै धनुषाको नेपाल-भारत सीमावर्ती क्षेत्र नगराइन नगरपालिका-५ गंगुली पश्चिमवारी टोलको आँप बगैंचामा करिब दुई सयको संख्यामा अपरिचित व्यक्तिहरूले आएर अस्थायी घर निर्माण गरी डेरा जमाएका थिए। उनीहरूको शंकास्पद बसोबासका बारेमा स्थानीयले प्रहरीलाई खबर गरेपछि प्रहरीले उनीहरूलाई त्यहाँबाट हटाएको थियो। तिनीहरू रोहिंग्या मुस्लिम समुदायका व्यक्ति हुन सक्ने प्रहरीको आशंका छ।

नेपालको भूमि प्रयोग गरेर कुनै खालको अपराधिक वा आतंककारी गतिविधि हुन नदिन प्रहरी पूर्णरूपमा सचेत रहेको मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रहरी नायव महानिरीक्षक (डीआईजी) उमाप्रसाद चतुर्वेदी बताउँछन्।

» बाँकी पृष्ठ ५

